annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक ४८ पृष्ठ ८ | काठमाडौं, सोमबार २ असार २०८२ | आषाढ कृष्णपक्ष पञ्चमी नेपाल संवत् ११४५ | MONDAY, JUNE 16, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# प्रदेशका बजेट, न आसलाग्दा, न खासलाग्दा

अन्तर सरकारी वित्त व्यवस्थापन ऐनको दफा २१ मा भनिएको छ- 'प्रदेशको अर्थमन्त्रीले प्रत्येक वर्ष असार महिनाको १ गतेभित्र आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान प्रदेशसभामा पेस गर्नुपर्ने छ।' अर्थात्, कानुनमै बजेट पेस गरिसक्नुपर्ने स्पष्ट व्यवस्था छ। तर, प्रदेश सरकारहरूले अन्तिम दिन (असार १ गते) मात्रै बजेट सार्वजनिक गरेका छन्- त्यो पनि हतार हतारमा। योजना भागबन्डा र लुछाचुँडीका कारण उनीहरूले न आसलाग्दा बजेट ल्याउन सके, न त विकास र समृद्धिमा सहयोग पुऱ्याउने खासलाग्दा बजेट नै ल्याए। केवल कर्मकाण्डी बजेटले प्रदेशहरूको विकास र समृद्धिमा खासै योगदान पुऱ्याउन नसक्ने विज्ञहरू बताउँछन्।

| प्रदेश | कुल बजेट | बाँडफाँट: चालु | बाँडफाँट: पुँजीगत |
|---|---|---|---|
| सुदूरपश्चिम | ३३ अर्ब ४७ करोड ६० लाख | १० अर्ब २१ करोड | १९ अर्ब ८३ करोड |
| लुम्बिनी | ३८ अर्ब ९१ करोड | १२ अर्ब १ करोड | २३ अर्ब ४७ करोड |
| गण्डकी | ३१ अर्ब ९७ करोड ९९ लाख | १२ अर्ब ६३ करोड | १९ अर्ब ९ करोड |
| बागमती | ६७ अर्ब ४७ करोड ७३ लाख | २६ अर्ब ४ करोड | ४१ अर्ब ४३ करोड |
| मधेस | ४६ अर्ब ५८ करोड ३३ लाख | १६ अर्ब ७२ करोड | ३० अर्ब २६ करोड |
| कोशी | ३५ अर्ब ८७ करोड १९ लाख | १८ अर्ब ६७ करोड | १७ अर्ब १० करोड |



ग्राफिक्स : रामकृष्ण राना

**किशोर बुढाथोकी** | *विराटनगर*
**गोविन्द महतो** | *जनकपुरधाम*
**सरोज पौडेल** | *हेटौंडा*
**कृष्णमणि बराल** | *पोखरा*
**गोपाल शर्मा भट्टराई** | *दाङ*
**शिवराज भट्ट** | *धनगढी*

**– को रिपोर्ट**

समाचार पृष्ठ २

## अमेरिकी विरोध प्रदर्शनमा गोली लागेर एक जना 'गम्भीर घाइते'



**वासिङटन** (एजेन्सी): पश्चिमी राज्य युटाहमा राष्ट्रपति डोनाल्ड ट्रम्पका नीतिहरू विरुद्धको विरोध प्रदर्शनमा भएको गोलीकाण्डमा एक व्यक्तिलाई 'जीवनलाई जोखिममा पार्ने चोट' लागेको प्रहरीले जनाएको छ। प्रहरीका अनुसार अन्य तीन जनालाई हिरासतमा लिइएको छ।

यो घटना शनिबार राति ८:०० बजे युटाहको राजधानी साल्ट लेक सिटीमा भएको प्रहरीले बताएको छ। ट्रम्पको विरोधमा संयुक्त राज्य अमेरिकाभर चलेका धेरै 'नो किंग्स' प्रदर्शनहरूमध्ये एक त्यहाँ करिब १० हजार मानिसले विरोध प्रदर्शन गरेका थिए।

'गोलीकाण्डमा एकजना व्यक्ति गम्भीर घाइते भएको हामी पुष्टि गर्न सक्छौं। बिरामीलाई जीवनलाई जोखिममा पार्ने (घाइते) अस्पतालमा लगिएको छ', साल्ट लेक सिटी प्रहरी विभागले एक सामाजिक सञ्जाल पोस्टमा भनेको छ, 'एक संदिग्ध व्यक्तिलाई हिरासतमा राखिएको छ।'

प्रहरी प्रमुख ब्रायन रेडले एक पत्रकार सम्मेलनमा गोलीकाण्डसम्मका घटनाहरू 'धेरै शान्तिपूर्ण' भएको जोड दिँदै हिरासतमा लिइएको पहिलो व्यक्तिलाई गोली लागेको र अस्पताल लगिएको बताए। घटनामा संलग्न अन्य दुई जनालाई हिरासतमा लिइएको पनि उनले बताए। 'यस समयमा, त्यहाँ जनताका लागि कुनै खतरा जारी छैन', रेडले भने। गोलीकाण्ड राजनीतिक रूपमा प्रेरित थियो कि भनी भन्न प्रहरीको अनुसन्धानमा अझै चाँडो भएको उनले बताए।

'हिंसाको यो कार्यले गहिरो रातो रिपब्लिकन राज्य युटाहमा रहेको डेमोक्रेटिक गढ साल्ट लेक सिटीलाई परिभाषित गर्दैन', सहरका मेयर एरिन मेण्डनहलले भने, 'आजको प्रदर्शनको उद्देश्य यो घटना नभएसम्म एक शक्तिशाली र शान्तिपूर्ण अभिव्यक्ति थियो र यसलाई हानि पुऱ्याउने उद्देश्यले एकल कार्यले छाड्न वा चुप लगाउन सकिँदैन।' 'हामी एउटा राष्ट्र हौं जसलाई हाम्रो पहिलो संशोधन अधिकार चाहिन्छ, हामी शान्तिले विरोध गर्न योग्य छौं र आज जे भयो म आशा गर्दछु कि जनताको आवाजलाई चुप लगाउने छैन जो आफ्नो आवाज सुन्न योग्य छन्', उनले भने।

## रास्वपाको तीन घण्टा नाराबाजी, बजेटमाथि छलफल सुरु

**अन्नपूर्ण** | *काठमाडौं*

सत्तासीन एमाले-कांग्रेस र प्रमुख विपक्षी माओवादीबीच २ बुँदे सहमतिपछि आइतबार प्रतिनिधिसभा बैठक नियमित रूपमा सञ्चालन गरियो। विपक्षी रास्वपाले भने भिजिट भिसा प्रकरणमा गृहमन्त्री रमेश लेखकको राजीनामा माग्दै वेल घेरेर नाराबाजी गऱ्यो। तर, रास्वपाको नाराबाजीबीच प्रतिनिधिसभा बैठक अघि बढाइयो।

झन्डै तीन घण्टा चलेको बैठकमा रास्वपाका सांसदले नाराबाजी गरे। सुरुमा उभिएर नाराबाजी गरेका रास्वपाका सांसदहरू थाकेपछि पलेटी कसेर नाराबाजीमा उत्रेका थिए। अर्को विपक्षी राप्रपाले आफ्ना माग सुनुवाइ नभएको भन्दै बैठक नै बहिस्कार गऱ्यो।

सभामुख देवराज घिमिरेले बैठक प्रारम्भको घोषणा गर्नासाथ रास्वपा र राप्रपाका सांसदहरू आ-आफ्नो ठाउँबाट उठेर विरोध जनाए। सभामुख घिमिरेले 'सिटमा बसेर बैठक सञ्चालनमा सहयोग गर्न' आग्रह गरे। तर, उनीहरूले नमानेपछि बैठक अघि बढाइयो। दुईबुँदे सहमतिपछि संसद्को अवरोध फुकाउन माओवादी सहमत भएको थियो। बैठकमा सरकारको वार्षिक बजेटमाथि छलफल सुरु गरियो। पूर्वअर्थमन्त्री एवं माओवादी नेता वर्षमान पुनले झन्डै दुईतिहाइको बलियो सरकारले कमजोर बजेट ल्याएको तर्क गरे। 'संसद्को पहिलो र दोस्रो ठूलो दल मिलेर बनेको, गणितीय हिसाबले करिब दुईतिहाइको सरकार हो,' पुनले भने, 'यो बजेट हेर्दा सरकारको कमजोर बजेटका रूपमा आएको छ। सरकार बलियो, बजेट कमजोर।'



पूर्वअर्थमन्त्री पुनले सरकार गठन गर्ने बेला संविधान संशोधन, राजनीतिक स्थायित्व र गुणस्तरीय सेवा प्रवाह र अर्थतन्त्र सुधार्ने भनी दुई दलले गरेको प्रतिबद्धता बिर्सिएको आरोप लगाए। उनले प्रतिपक्षलाई पेल्ने बाटो नसमात्न पनि सत्तापक्षसँग आग्रह गरेका थिए। त्यसअघि अर्थमन्त्री विष्णु पौडेलले बजेटमाथि सामान्य छलफल गरियोस् भन्ने प्रस्ताव पेस गरेका थिए। बजेटमाथि छलफलमा एमाले सांसद भीम आचार्यले रास्वपाको सांसदको विरोधलाई 'मिठो धुन' को संज्ञा दिए।

» बाँकी पृष्ठ ६

## केदारनाथ जाँदै गरेको हेलिकप्टर दुर्घटना, ७ को मृत्यु

**काठमाडौं** (अन्नपूर्ण) : भारतको उत्तराखण्डस्थित केदारनाथ धाममा आइतबार बिहान हेलिकप्टर दुर्घटना हुँदा ७ जनाको मृत्यु भएको छ। गौरीकुण्ड क्षेत्रको त्रिजुगीनारायण नजिकै दुर्घटना हुँदा हेलिकप्टरमा सवार ७ जनाको मृत्यु भएको बताइएको छ। मृत्यु हुनेमा एकजना बच्चा पनि छन्।

देहरादूनबाट केदारनाथ जाँदै गर्दा दुर्घटनाग्रस्त भएको हेलिकप्टर आर्यन कम्पनीको हो। खराब मौसमका कारण दुर्घटना भएको बताइएको छ।

भारतीय सञ्चारमाध्यमका अनुसार हेलिकप्टर नोडल अधिकारी राहुल चौबे र जिल्ला विपद् व्यवस्थापन अधिकारी नन्दन सिंह राजवारले नेपाली मूलका महिलाहरूले दुर्घटनाको बारेमा रिपोर्ट गरेको जानकारी दिए। दुर्घटनाको समयमा, उनीहरू गौरीकुण्डमाथि घाँस काटिरहेका थिए र उनीहरूले दुर्घटना देखेपछि तुरुन्तै प्रहरीलाई फोनमार्फत जानकारी गराएका थिए।

## इजरायल–इरान द्वन्द्व चर्कँदै, नेपाली सुरक्षित

**रामकला खड्का** | *काठमाडौं*

इजरायल र इरानमा रहेका सम्पूर्ण नेपाली सुरक्षित रहेको परराष्ट्र मन्त्रालयले जनाएको छ। मन्त्रालयका अनुसार हाल इजरायलमा करिब ५ हजार ५ सय र इरानमा करिब १२ जना नेपाली छन्।

इजरायल र इरानबीच पछिल्ला तीन दिनदेखि विकसित घटनाक्रमका सन्दर्भमा परराष्ट्रमन्त्री डा.आरजु राणा देउवाले तेल अभिभ र दोहास्थित नेपाली राजदूतहरूलाई सम्पर्क गरी त्यहाँ रहेका नेपाली नागरिकको सुरक्षालाई उच्च प्राथमिकतामा राखेर काम गर्न निर्देशन दिएकी छन्। परराष्ट्रमन्त्री देउवाले नेपाली समुदायसँग निरन्तर सम्पर्कमा रहन र सम्बिन्धित मुलुकले जारी गरेको सुरक्षा सतर्कतासम्बन्धी अद्यावधिक सूचना नियमित रूपमा प्रवाह गरी नेपालीलाई निरन्तर सुसूचित गर्न पनि भनेकी छन्।

इजरायल र इरानबीच विकसित घटनाक्रमलाई नेपाल सरकारले नजिकबाट नियालिरहेको र त्यहाँ रहेका नेपालीको हित सुनिश्चित गर्न आवश्यकताअनुसार उपयुक्त कदम चालिने तेल अभिभ र दोहास्थित नेपाली दूतावासले जनाएको छ।

आइतबार तेहरानभरि विस्फोटहरू सुनिए। इरानी मिडियाले तेहरान प्रहरी मुख्यालयमा आक्रमण भएको जनाएको छ भने अन्य धेरै स्थलहरूमा गोलीबारी भएको छ। रातारात, इजरायलले पनि तेहरानका तेल डिपोहरूमा आक्रमण गऱ्यो। त्यसैगरी इरानले पनि इजरायलमा ब्यालिस्टिक मिसाइलका दुई छालहरू प्रहार गऱ्यो, जसमा कम्तीमा १० जनाको मृत्यु भयो। आइतबार पनि अर्को छाल प्रहार गरेको जनाइएको छ। इजरायली सेनाले आइतबार इरानबाट थप क्षेप्यास्त्रहरू प्रहार गरिएको जनाएको छ। ऊर्जा र रक्षा पूर्वाधारमा इजरायली आक्रमण पछि इरान-इजरायल द्वन्द्व झन् चर्किँदै गएको छ। आफूहरूले कुनै एक क्षणका लागि पनि आक्रमण गर्न नछोड्ने इजरायली सेनाले जनाएको छ।



आक्रमणमा परी इजरायलमा कम्तीमा १३ जनाको मृत्युको पुष्टि भएको छ। इजरायली अपरेसनको एक घोषित लक्ष्य इरानलाई आणविक बम विकास गर्नबाट रोक्नु रहेको इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहूले जनाएका छन्। प्रधानमन्त्री नेतान्याहूले इजरायलको अस्तित्वका लागि इरानी खतरालाई पन्छाउन सैन्य अपरेसन 'राइजिङ लायन' सुरु गरेको जनाएका छन्।

दशकौंदेखि, तेहरानका आतंककारीहरूले इजरायलको विनाशका लागि खुलेआम आह्वान गर्दै आएका, आणविक हतियार विकास गर्ने कार्यक्रमका साथ उनीहरूले आफ्नो नरसंहारको बयानबाजीलाई समर्थन गरेका, हालैका वर्षहरूमा उनीहरूले ९ वटा आणविक बम बनाउन पर्याप्त युरेनियम जम्मा गरेका लगायतका कारणले गर्दा आफूले उक्त अपरेसन सुरु गरेको उनले एक वक्तव्यमार्फत जनाए।

त्यसैगरी इजरायली रक्षामन्त्री इजरायल काट्जले इरानले नागरिक बस्तीहरूमा मिसाइल प्रहार गरेर रातो रेखा पार गरेको र यसका लागि उनीहरूले धेरै ठूलो मूल्य चुकाउनुपर्ने जनाएका छन्। यसैबीच, अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरान र इजरायललाई द्वन्द्व रोक्नका लागि सम्झौता गर्न आग्रह गरेका छन्। दुवै पक्षलाई लडाइँ रोक्नका लागि हाल धेरै टेलिफोन कुराकानी र बैठकहरू भइरहेको पनि उनले जनाएका छन्।

'जसरी मैले भारत र पाकिस्तानलाई गर्न लगाएको थिएँ, इरान र इजरायलले पनि सम्झौता गर्नुपर्छ र सम्झौता गर्ने छन्', ट्रम्पले आइतबार बिहान ट्रुथ सोशलमा लेखेका छन्। उनले सर्बिया र कोसोभो, इजिप्ट र इथियोपिया बीचको लामो समयदेखि चलिरहेको शत्रुतालाई पनि उद्धृत गरे। यी दुवैबीचको द्वन्द्व उनको पहिलो कार्यकालदेखि नै भड्किएको थियो।

'म धेरै गर्छु र कहिल्यै कुनै पनि कामको श्रेय पाउँदिन। तर, ठीक छ, मानिसले बुझ्छन्। मध्यपूर्वलाई फेरि महान बनाउनुहोस्', राष्ट्रपति ट्रम्पले लेखेका छन्।

रूसी दूतावासले पनि इरानबाट आफ्ना नागरिकहरूलाई बाहिर निकालिरहेको छ। बेलायतले भने कर्मचारीहरूलाई बाहिर निकालेको कुनै जानकारी आएको छैन। द्वन्द्वका क्रममा आइतबार तेहरानका केही बासिन्दा उत्तरतिर सुरक्षित ग्रामीण क्षेत्रहरूमा भागिरहेका थिए भने अन्यले आवश्यक वस्तुहरू भण्डारण गरिरहेका जनाइएको छ।

मानिसले आश्रय लिन सकून् भनेर त्यहाँको मेट्रो प्रणाली चौबीसै घण्टा खुला राखिएको थियो। इरानतर्फ मारिएकाहरूको संख्या कुनै आधिकारिक तथ्यांक नदिइएको अन्तर्राष्ट्रिय समाचार एजेन्सीहरूले जनाएका छन्।